कोशी प्रदेशको आर्थिक बुलेटिन

वर्ष-३, अंक-७, आ.व.२०८३/८४ कार्तिक, २०८३

कोशी प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
विराटनगर, नेपाल



सम्पादकीय

कोशी प्रदेशको समग्र आय-व्यय र अन्य आर्थिक गतिविधिका बारेमा सरोकारवाला सबैलाई जानकारी दिन २०८१ बैशाखमहिना देखि मासिक रुपमा आर्थिक बुलेटिन प्रकाशन गर्न थालनी भएको छ। चालु आर्थिक वर्ष २०८३/८४ को प्रथम चौमासिक अवधि (श्रावण-कार्तिक महिनासम्म) को आय-व्ययको विवरण समावेश गरी यो अंकको आर्थिक बुलेटिन प्रकाशन गरिएको छ। गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्ष २०८३/८४ को कार्तिक महिनासम्म प्रदेशको राजस्व संकलनमा वृद्धि भएको छ भने खर्च घटेको छ। संघबाट प्रदेशलाई प्राप्त हुने अनुदानमा केही वृद्धि भएको हुँदा प्रदेशको समग्र आयमा गतवर्ष कार्तिकसम्मको तुलनामा केही वृद्धि भएको छ।

प्रकाशन तथा सम्पादन
वित्त तथा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

कोशी प्रदेशको सरकारी खर्च

१. आर्थिक वर्ष २०८३/८४ को कार्तिक महिनासम्म जम्मा रु.४ अर्ब ४८ करोड ८८ लाख खर्च भएको छ। कुल खर्च मध्ये चालु खर्च रु.२ अर्ब १४ करोड ७३ लाख, पूँजीगत खर्च रु.१ अर्ब ६ करोड ६८ लाख र स्थानीय तहमा वित्तीय हस्तान्तरणको रु.१ अर्ब २७ करोड ४६ लाख रहेको छ।

तालिका (क) पछिल्लो तीन वर्षको कार्तिक महिनासम्मको खर्च स्थिति (रु.लाखमा)

बजेट शीर्षक/ आर्थिक वर्ष	२०८१/८२	२०८२/८३	२०८३/८४
चालु खर्च	३५१०१	१५९११	२१४७३
पूँजीगत खर्च	१३२७२	८३२१	१०६६८
स्थानीय तह अनुदान	१०८७७	८७२६	१२७४६
जम्मा खर्च	**५९२५०**	**३२९५८**	४४८८८
विनियोजनको तुलनामा खर्च %	**१६.८०%**	**९.२०%**	**११.१०%**

स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।

२. चालु आर्थिक वर्ष २०८३/८४ को कार्तिक महिनासम्म कुल विनियोजनको ११.१० प्रतिशत खर्च भएको छ। जसमा चालु खर्च १५.३८%, पूँजीगत खर्च ५.१४% र स्थानीय तह अनुदान २२.८७% प्रतिशत खर्च भएको छ।

३. चालु आर्थिक वर्षको पहिलो चौमासिकसम्म प्रदेश सरकारको कुल खर्चमध्ये सबै भन्दा बढी असोज महिनामा रु.३ अर्ब ६ करोड ५७ लाख खर्च भएको छ भने सबैभन्दा कम खर्च श्रावण महिनामा भएको छ।

तालिका (ख) आर्थिक वर्ष २०८३/८४ कार्तिकसम्मको मासिक खर्चको विवरण (रु.लाखमा)

शीर्षक/महिना	श्रावण	भदौ	असोज	कार्तिक	जम्मा	वार्षिक बजेट	पहिलो चौमासिक खर्च %
चालु खर्च	७२	५६५२	११५२९	४२२१	२१४७३	१३९६६४	**१५.३८%**
पूँजीगत खर्च	६७	१३५८	८१६१	१०८३	१०६६८	२०७५९९	**५.१४%**
स्थानीय तह अनुदान	०	१६००	१०९६७	१७९	१२७४६	५५७३६	**२२.८७%**
वित्तीय व्यवस्था	०	०	०	०	०	१५००	**०.००%**
जम्मा खर्च	**१३९**	**८६१०**	**३०६५७**	**५४८३**	**४४८८८**	**४०४४९८**	**११.१०%**
मासिक खर्चभार	०.००	०.१९	०.६८	०.१२	१.००		

स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।

कोशी प्रदेशको राजस्व तथा अनुदान प्राप्ति

४. आर्थिक वर्ष २०८२/८३ कार्त्तिक मसान्तसम्म संघीय राजस्व बाँडफाँट र प्रदेशको आन्तरिक राजस्व समेत रु.४ अर्ब ३१ करोड ९१ लाख (वार्षिक लक्ष्यको २३.०%) राजस्व संकलन वा प्राप्ति भएको छ। यसैगरी संघीय अनुदान मार्फत जम्मा रु.४ अर्ब ५९ करोड २४ लाख (वार्षिक लक्ष्यको २७.९%) निकासा प्राप्त भएको छ। आर्थिक वर्ष २०८२/८३ को प्रथम चौमासिकसम्म प्रदेश सञ्चितकोषमा राजस्व र अनुदान गरी जम्मा रु.८ अर्ब ९१ करोड १५ लाख (वार्षिक लक्ष्यको २५.३%) प्राप्ति भएको छ।

५. गत आर्थिक वर्ष २०८२/८३ कार्त्तिकसम्मको तुलनामा चालु आर्थिक वर्षको कार्त्तिकसम्म प्रदेशको कुल आन्तरिक राजस्व संकलन ८५ प्रतिशतले वृद्धि भएको छ, भने अनुदान प्राप्तिमा १९ प्रतिशतले वृद्धि भएको छ। गत आर्थिक वर्ष २०८२/८३ मा वित्तीय हस्तान्तरण मार्फत अनुदानको रुपमा रु.३ अर्ब ८७ करोड १४ लाख प्राप्त भएकोमा चालु आर्थिक वर्ष २०८३/८४ मा उल्लेखित वित्तीय हस्तान्तरण मार्फत रु.४ अर्ब ५९ करोड २४ लाख प्राप्ती भएको छ उक्त प्राप्ति वार्षिक लक्ष्यको २७.९ प्रतिशत रहेको छ।

तालिका (ग) आर्थिक वर्ष २०८३/८४ को प्रथम चौमासिकसम्म राजस्व तथा अनुदान प्राप्तिको विवरण (रु.लाखमा)

शीर्षक/महिना	चालु आर्थिक वर्ष २०८३/८४ को							गत आ.व.२०८२/८३ कार्त्तिकसम्मको प्राप्ति	गतको तुलनामा चालु वर्षको वृद्धि
	श्रावण	भदौ	असोज	कार्तिक	कार्तिकसम्मको जम्मा प्राप्ति	वार्षिक लक्ष्य	प्रथम चौमासिक प्रगति %		
घरजग्गा रजिष्ट्रेशन शुल्क	१२	२६	३२२६	४७२	३७३६	१५८००	२३.६%	२२८०	६४%
सवारी साधन कर	०	१०६८	१४९२	१७४६	४३०७	१८९००	२२.८%	२४०१	७९%
चालक अनुमतिपत्र र यातायात क्षेत्रको आम्दानी	५१५	१०५८	१२४४	६०३	३४१९	१०४००	३२.९%	१३८६	१४७%
अनुदान/निकासा फिर्ता, बेरुजु	१८	८७	१०८	३१	२४४	७००	३४.८%	१९४	२५%
*स्थानीय तहबाट प्राप्त राजस्व	३	३	३	९	१७	५०२६	०.३%	७३	-७६%
विविध शुल्क/अन्य राजस्व	३६९	२७३	४५९	३१७	१४१८	३२२४	४४.०%	६९८	१०३%
व्यवसाय रजिष्ट्रेशन दस्तुर	०	१९६	१२६	२७	३४८	९५०	३६.६%	२४२	४४%
आन्तरिक राजस्व जम्मा	९१७	२७११	६६५७	३२०५	१३४९०	५५०००	२४.५%	७२७४	८५%
संघीय राजस्व बाँडफाँट	०	१०१११	११२०९	८३८२	२९७०२	१३२७८८	२२.४%	३५१३६	-१५%
जम्मा राजस्व	९१७	१२८२२	१७८६६	११५८७	४३१९१	१८७७८८	२३.०%	४२४१०	२%
समानीकरण अनुदान	०	०	२२७९७	०	२२७९७	९११८६	२५.०%	२२४५९	२%
सशर्त अनुदान	०	०	१७८९३	६३२	१८५२४	५९५७४	३१.१%	१३१२४	४१%
समपूरक अनुदान	०	०	२७८६	०	२७८६	१०२९२	२७.१%	१२९३	११६%
विशेष अनुदान	०	०	१८१८	०	१८१८	३६५८	४९.७%	१८३९	-१%
जम्मा अनुदान	०	०	४५२९३	६३२	४५९२४	१६४७१०	२७.९%	३८७१४	१९%
कुल राजस्व र अनुदान	९१७	१२८२२	६३१५८	१२२१९	८९११५	३५२४९८	२५.३%	८११२४	१०%
नगद मौज्दात	०	०	०	०	०	५००००		०	
वैदेशिक अनुदान सोझै भुक्तानी	०	०	०	०	०	२०००		०	
कुल आय अनुमान	९१७	१२८२२	६३१५८	१२२१९	८९११५	४०४४९८	२२.०%	८११२४	१०%

स्रोतः-प्रदेश लेखा नियन्त्रक कार्यालय, विराटनगर।